# स्थानीय राजपत्र

## सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ८, संख्याः ४, जेष्ठ १६ गते, २०८१ साल**


## भाग-२

## सरुमारानी गाउँपालिका
## एच.आई.भी. संक्रमितका लागि सामाजिक सुरक्षा सम्बन्धी कार्यविधि, २०८१

स्वीकृत मितिः २०८०।२।१४

प्रमाणिकरण मितिः२०८०।२।१६

**पृष्ठभुमि तथा सारांश**

नेपालको राष्ट्रिय एच.आई.भी. रणनीतिक योजना २०२१-२०२६ अनुसार सन् २०१० को तुलनामा एच.आई.भी. को नयाँ संक्रमणलाई ९५ प्रतिशतले घटाउने, आमाबाट बच्चामा एच.आई.भी. संक्रमणको निवारण गर्ने र एच.आई.भी. संकमित प्रति हुने लान्छना र भेदभाव लाई शुन्य बनाउने लक्ष्यको साथ जनस्वास्थ्यको चुनौतीका रूपमा रहेको एड्स इपिडेमिकलाई २०३० सम्ममा अन्त्य गर्ने परिकल्पना गरेको छ । यसका लागि एच.आई.भी. संक्रमणको अवस्थालाई ९५ प्रतिशत सुनिश्चित गर्नुपर्ने, एच.आई.भी. संक्रमण पुष्टि भएका ९५ प्रतिशत व्यक्तिहरुलाई शिघ्र उपचारमा लैजाने र उपचारमा रहेका संक्रमित व्यक्तिहरुको उपचारको गुणस्तरता कायम गरि ९५ प्रतिशत व्यक्तिहरुको भाईरल लोड सप्रेसन गर्ने द्रुत कार्यनीति लिएर सोहि अनुसार विभिन्न तहका सरकारले आ-आफ्ना कृयाकलापहरुलाई प्राथमिकतामा राख्नुपर्ने मार्गदर्शन गरेको छ ।

सोहि अनुरुप यस सरुमारानी गाउँपालिका क्षेत्र भित्र रहेका एच.आई.भी. संक्रमितहरुको सहयोग, हेरचाह, पोषण, शैक्षिक सहयोग एवं उपचारमा टेवा पुयाउन एच.आई.भी. संक्रमितहरुको मानव अधिकार र स्वास्थ्य अधिकारको सुनिश्चितता गर्न, शैक्षिक निरन्तरताका लागि अभिभावकत्व प्रदान गर्न र संक्रमित व्यक्तिको आत्मसम्मान तथा आत्मबल उच्च राख्दै जिम्मेवार नागरिकको अनुभुति गराउने प्रतिवद्धताका साथ आन्तरिक श्रोत नगद अनुदान अन्तर्गत एच.आई.भी. कार्यक्रम सम्बन्धि कृयाकलापहरु संचालन गर्न बजेट विनियोजन गर्न तथा कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो एच.आई.भी. संक्रमितका लागि सामाजिक सुरक्षा सम्बन्धी कार्यविधि २०८१ तयार पारी लागू गरिएको छ । एच.आई.भी. सँग सम्बन्धित बजेट विनियोजन र कार्यान्वयन यसै कार्यविधि अनुरुप हुनेछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नामः एच.आई.भी. संक्रमितका लागि सामाजिक सुरक्षा सम्बन्धी कार्यविधि २०८१ रहेको छ ।

(२) यो कार्यविधि सरुमारानी गाँउपालिका कार्यपालिकाको स्वीकृति पश्चात लागु हुनेछ र यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले सरुमारानी गाँउपालिकालाई सम्झनुपर्दछ ।

(ख) "कार्यालय" भन्नाले सरुमारानी गाउँपालिका गाँउकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले सरुमारानी गाउँपालिका गाँउ कार्यपालिका सम्झनु पर्दछ ।

**३. कार्यविधिको उद्देश्य**

१) गाँउपालिका क्षेत्र भित्रका एच.आई.भी. संक्रमित र प्रभावित समुदायको सहयोग र हेरचाह संग सम्बन्धित कार्यक्रमहरू प्रभावकारी रूपमा संचालन गर्न सहयोग गर्ने ।

(२) गाउँपालिका क्षेत्र भित्रका एच.आई.भी. संक्रमित तथा प्रभावित वालवालिकाहरुलाई नेपालको संविधान २०७२ अनुसार विशेष प्रकृतिको बालबालिका अनुरुप पोषण, स्वास्थ्य र शैक्षिक सहयोग प्रदान नगरि सामाजिक सुरक्षा व्यवस्थापन कायम गराउने ।

(३) एच.आई.भि. संक्रमित व्यक्तिहरुको उपचारमा सहयोग पुयाउने ।

(४) संक्रमित र प्रभावित समुदायको क्षमता अभिवृद्दी गरी सेवा तथा अवसरमा पहुँच बृद्धि गरी लान्छना र भेदभावलाई निवारण गर्ने ।

(५) संक्रमित तथा प्रभावित विद्यार्थिहरूको उच्च शिक्षा र संक्रमित युवाहरूको रोजगारको लागी पहल गर्ने।

(६) जिल्लामा भएका सरोकारवाला निकायहरू विच समन्वय र सहकार्य सुदृढ गर्ने ।

**४. कार्यविधि अन्तर्गत प्राथमिकतामा राखि समेट्नु पर्ने क्षेत्रहरु**

यस कार्यविधिले एच.आई.भि. संक्रमित तथा प्रभावित व्यक्तिहरुलाई देहाय वमोजिमको सहयोग उपलब्ध गराउनेछ :

(१) गाउँपालिकाले संक्रमित र प्रभावित समुदायको मानव अधिकार र स्वास्थ्य अधिकारलाई उच्च प्राथिमिकता सहित योजना, बजेट विनियोजन र कार्यक्रमको प्रभावकारी कार्यन्वयन ।

(२) गाउँपालिका भित्र रहेका संक्रमित र प्रभावित समुदायहरूको लागी शिपमूलक र आयमूलक तालिम संचालन गर्नु को साथै व्यवसाय सुरुवातको लागी विउ पूँजि ।

(३) संक्रमित तथा अति प्रभावित बालबालिकालाई पोषण, स्वास्थ्य तथा शैक्षिक सहयोग ।

(४) एच.आई.भि. संक्रमितहरुलाई नियमित औषधि सेवनका लागी ए.आर.टि. सेन्टरसम्म यातायात खर्च, एम्बुलेन्स भाडा तथा उपचार सहयोग ।

(५) एच.आई.भी. सम्बन्धि बिभिन्न जनचेतनाका कार्यक्रम, अभिमुखिकरण तालिम, आयमुलक कार्यक्रम र विउ पूँजि अनुदान दिने ।

(६) संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षाको लागी गाउँपालिकाले अन्य सम्भावित सरकारी तथा गैर सरकारी निकायहरूसंग समन्वय र सहकार्य ।

(७) विशेष परिस्थितिबाट सृजना भएको आवश्यकताको आधारमा कार्यक्रम निर्धारण ।

(८) गाउँपालिककाले संचालन गरेका वा गरिने शैक्षिक छात्रवृति, आबास सहितको छात्रबासको व्यावस्था भएमा एच.आई.भी. संक्रमित बालबालिकालाई पनि समेटिनेछ ।

(९) शिक्षा शाखा मार्फत संचालन हुने एच.आई.भी. संक्रमित तथा प्रभावित बालबालिकाको आवासिय छात्रवृत्ती सम्बन्धि व्यावस्था कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**५. कार्यक्रम संचालन तथा व्यवस्थापन प्रकृया :**

**क) एच.आई.भी. संक्रमित ब्यक्ति तथा बालबालिकालाई पोषण, शिक्षा र स्वास्थ्य सहयोगः**

यस कृयाकलाप अन्तर्गत सरुमारानी गाउँपालिका क्षेत्र भित्र वसोवास गर्ने १८ वर्ष मुनिका एच.आई.भि. संक्रमित र अति प्रभावित भनेर सिफारिस भई आएका वालवालिकालाई पोषण, शिक्षा र स्वास्थ्यमा सुधार ल्याउन मासिक रुपमा अति विपन्न वर्गका ब्यक्तिलाई प्राथमिकतामा राखी नगद अनुदान प्रदान गरीनेछ । यसरी बजेट विनियोजन गरि कार्यक्रम संचालन गर्दा दफा ६ अनुसार गठित समन्वय समितिले अनुदानको नियमित सिफारिस, रुजु, प्रमाणिकरण, अनुगमन र समिक्षा सोहि समितिले गर्नेछ ।

**ख) एम्बुलेन्स भाडा, यातायात तथा उपचार सहयोगः**

एच.आई.भी. संक्रमितलाई उपचारको क्रममा स्थानीय स्तरमा उपचार हुन नसकी अन्यत्र वाहिर लैजान अस्पतालले रिफर गर्दा, अति आवश्यकीय अवस्थामा एम्बुलेन्स आवश्यक परेमा, नियमित औषधि सेवनका लागी उपचार केन्द्र (ए.आर.टि. सेन्टर) सम्म आउन जान लाग्ने यातायात खर्च यातायात खर्च वा सुत्केरी हुन अस्पताल सम्म आउदा र घर फर्किदा एम्बुलेन्स व्यवस्थापनको लागि एम्बुलेन्स भाडा मासिक रूपमा अति विपन्न वर्गका ब्यक्तिलाई प्राथमिकतामा राखी उपलब्ध गराइनेछ । स्वास्थ्य विमा र अस्पतालले व्यहोर्ने उपचार व्यवस्थापन र ल्याव परिक्षण बाहेक अत्यावश्यकिय उपचार तथा ल्याव परिक्षण खर्चको व्यवस्थापन गाउँपालिकाले गर्नेछ । यो सुविधा अन्तर्गत व्यवस्थापन दफा ६ अनुसार गठित समन्वय समितिले गर्नेछ ।

**ग) सीपमूलक र आयमूलक तालिम**

गाउँपालिका भित्र रहेका संक्रमित र प्रभावित समुदायहरूको लागी शिपमुलक र आयमुलक तालिमको लागि गाउँपालिकाले आवश्यकता पहिचान गरि उचित बजेटको व्यवस्थापन गर्नेछ र

तालिम पश्चात आयमूलक व्यवसाय शुरुवातको लागि विउँ पूँजिको व्यवस्थापन गर्नेछ । यो सुविधा अन्तर्गतको व्यवस्थापन दफा ६ अनुसार गठित समन्वय समितिले गर्नेछ।

**घ) संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षा कार्यक्रमः**

संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षाकोलागी गाउँपालिकाले अन्य सम्बन्धित सरकारी तथा नीजि कलेजहरूसंग समन्वय र सहकार्य गरि आवश्यक छात्रवृतिको व्यवस्था गर्नेछ । यो सुविधा अन्तर्गतको व्यवस्थापन दफा ६ अनुसार गठित समन्वय समितिले गर्नेछ ।

**ङ) एच.आई.भी. संक्रमितहरुको लागि पोषण सहयोग :**

गाउँपालिका क्षेत्र भित्र बसोवास गर्ने एच.आई.भी. संक्रमितहरुलाई उनिहरुको गुणस्तर उपचारमा सहयोगार्थ पोषणको आवश्यकता हुने भएकोले लगत तयार गरि गाउँपालिकाले पोषण खाद्य सामाग्री वा नगदै उपलब्ध गराउनेछ । एच.आइ.भी. संक्रमित नभएको व्याक्तिलाई भन्दा संक्रमित व्यात्तीलाई दोब्बर पोषणको आवश्यकता पर्ने हुदा निज संक्रमितलाई दैनिक पोषण बाफत रु. ६० का दरलेसम्म बर्षमा ३६५ दिनको लागी वजेटको परिधिभित्र रहि पोषणका लागि व्यावस्थापन गरिनेछ । यो सुविधा अन्तर्गतको व्यवस्थापन दफा ६ अनुसार गठित समन्वय समितिले गर्नेछ ।

**६ अनुदान निकासा प्रकृयाः**

एच.आई.भी. संक्रमित व्यक्तिले गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिमको नगद भुक्तानी माग गर्दा निवेदन वा उपचारमा संलग्न अस्पताल एवं सम्बन्धित निकायको सिफारिसका आधारमा भुक्तानी गरिने छ । साथमा देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछः

क) सरुमारानी गाउँपालिकाको स्थायी बासीन्दा भएको प्रमाणपत्र ।

ख ) एच.आई.भी. संक्रमीत भएको खुल्ने प्रमाण पत्र ।

ग ) नियमित ए.आर.भी. सेवन गरिरहेको सिफारिस पत्र ।

घ) बैंक खाताको बिवरण ।

**७) समन्वय समितिः**

एच.आई.भी. कार्यक्रमको क्षेत्रमा तोकिएका प्राथमिकताहरुको व्यवस्थापन, समन्वय र प्रभावकारी कर्यान्वयनमा सहजीकरण एंव समन्वय गर्न देहाय बमोजिमको गाउँपालिका स्तरको **"एच.आई.भी. संक्रमितका लागि सामाजिक सुरक्षा कार्यन्वयन समिति"** क्रियाशिल हुनेछ :

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| (ख) सामाजिक बिकास समितिको संयोजक | - सदस्य |
| (ग) महिला तथा बालकालिका शाखा प्रमुख | - सदस्य |
| (घ) शिक्षा शाखा प्रमुख | - सदस्य |

(ङ) योजना तथा प्रशासन शाखा प्रमुख - सदस्य

(च) एच.आई.भी. संक्रमितहरुको संस्थाको प्रतिनिधि वा कर्मचारी - सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

माथि उल्लेखित ७ सदस्यीय कार्यन्वयन समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ । कार्यन्वयन समितिको बैठक प्रत्येक ३ महिनामा एक पटक बस्नेछ र आवश्यकता अनुसार सदस्य सचिवले बैठक बोलाउन सक्नेछ ।

**८. कार्यविधिको व्याख्या -**

यो कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार सरुमारानी गाउँपालिकाको कार्यपालिकामा निहित रहनेछ ।

**९. समन्वय र सहकार्य सुदृढ गर्ने**

यस कार्यविधि अर्न्तगतको **"एच.आई.भी. संक्रमितका लागि सामाजिक सुरक्षा कार्यन्वयन समिति"** ले जिल्लामा रहेका सरोकारवालाहरूसंग नियमित समन्वय र सहकार्य मार्फत मापदण्डले समेटेका कार्यक्रमहरू संचालन गर्न गराउन पहल गर्नेछ ।

**१० संशोधन सम्बन्धी व्यवस्था :**

मुलुकको आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्येनजर गरी कार्यपालिकाले प्रचलित कानूनसँग नबाझिने गरी यस कार्यविधिमा जिल्लामा रहेका सरोकारवाला निकायहरूसंगको समन्वयमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

देविराम पाठक

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः२०८१।२।१६